जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९         स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२    अंक १४३    २०७९ साल पुस २० गते बुधबार (4 Jan. 2023 Wednesday)    मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : सन् २०२२ को विश्व राजनीतिलाई.. ३ पृष्ठमा : विद्युत् प्राधिकरण र इन्टरनेट सेवा ... ३ पृष्ठमा : ...लमा आक्रमण गरी ...

# बालिकालाई आत्महत्या गर्न दुरुत्साहन गर्ने दुईजनालाई कैद र जरिवाना




**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**

सप्तरी जिल्ला अदालतले एक सत्र वर्षीया बालिकालाई आत्महत्या गर्न दुरुत्साहन गर्ने दुईजनालाई कैद र जरिवानाको फैसला गरेको छ ।

जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले जिल्लामै पहिलोपटक गम्भीर अपराधको घटना मिलाउन दबाब दिने जिल्लाकै डाक्नेश्वरी नगरपालिका ७ ब्रहमपुर ललितपुरका ५० वर्षीय शत्रुघन मण्डल र ४५ वर्षीय उचितलाल मण्डललाई एक वर्ष कैद सजायको फैसला सुनाएको हो । आरोपितहरूको नजिकका नातेदार रहेका उनीहरूबाट २५ हजार पीडित परिवारलाई क्षतिपूर्तिवापतको रकम भराउनुपर्ने फैसला पनि भएको छ ।

शत्रुघनका दाजु ६५ वर्षीय जयकान्त मण्डल, भाइ ४५ वर्षीय देबु मण्डल, सोही गाउँका ५० वर्षीय सत्यनारायण मण्डल, ६० वर्षीय वासुदेव मण्डल, ४५ वर्षीय बिन्देश्वर मण्डल र वंशराज मण्डललाई जनही रु २० हजार जरिवाना गर्ने फैसला भएको छ ।

सामूहिक बलात्कारका मुख्य आरोपित १७ र १६ वर्षीय दुई बालकलाई कसुरदार ठहर गरी सजाय निर्धारणका लागि यही पुस २८ गतेको मिति निर्धारण गरिएको छ । बलात्कारको आरोपमा २०७७ असोज १ गते पक्राउ परेका दुई बालक अदालतको आदेशमा असोज २७ गतेदेखि पुर्पक्षका लागि बाल सुधारगृह वीरगञ्जमा छन् ।

सोही घटनामा 'वारेण्ट'पछि अदालतमा हाजिर भएका २७ वर्षीय धर्मदेव मण्डललाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने ठहर गरिएको छ । अर्का फरार २५ वर्षीय विसु भनिने विष्णु मण्डलको हकमा पक्राउ परेपछि फैसला हुने गरी मुद्दा मुल्तबी राख्ने फैसला भएको छ ।

प्रहरीले आत्महत्या दुरुत्साहनमा जयकान्त, वासुदेव र सत्यनारायणलाई २०७७ भदौ ३० गते नै पक्राउ गरेको थियो । उनीहरू जनही रु एक लाख १० हजार धरौटी राखेर पुर्पक्षका लागि रिहा भएका थिए । प्रहरीले राजविराजबाट २०७७ पुस ६ गते शत्रुघनलाई पक्राउ गरेकामा अदालतको आदेशानुसार पुस ८ गते रु दुई लाख धरौटी राखी पुर्पक्षका लागि रिहा भएका थिए ।

आफ्नो धानखेतमा पानी हेर्न गएकी बालिकामाथि २०७७ भदौ २९ गते बिहान सामूहिक बलात्कार भएको थियो । बलात्कारको घटनापछि आरोपितहरूविरुद्ध उजुरी गर्न रोक लगाउँदै उनीहरूले पीडित परिवारलाई प्रहरीकहाँ उजुरी गरे गाउँ निकाला गर्ने र सामाजिक बहिष्कार गर्ने चेतावनी दिएका थिए । न्याय पाउने आशा मरेपछि घटनाको भोलिपल्टै पीडित बालिकाले आत्महत्या गरेकी रासससे जनाएको छ ।

# दोश्रो तलाबाट खसेर एकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**

राजविराजस्थित एक पुराना नास्ता पसल संचालक प्रभु प्रसाद साहका छोरा मुकेशको मंगलबार बिहान दोश्रो तलाबाट खसेर ज्यान गएको छ ।

राजविराज ४ स्थित आफ्नै निवासको दोश्रो तलाबाट बिहान ६ बजेतिर ४० वर्षीय मुकेश अचानक तल खसेका थिए । निवासको तल्लो तलामा संचालनमा रहेको प्रभु नास्ता पसलमा ग्राहक आएको भन्दै होटलका कामदारले तल आउनु भनेपछि माथीबाट निहुरिएर हेर्न खोज्दा अचानक उनी तल खसेको प्रत्यक्षदर्शीले बताएका छन् ।

प्रहरीले दोश्रो तल्लाबाट निहुरिएर हेर्ने क्रममा शारिरीक सन्तुलन नमिल्दा दुर्घटना भएको कुरा आएपनि यस बारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

दोश्रो तलाबाट खसेर गम्भिर घाईते भएका उनलाई तत्कालै उपचारका लागि छिन्नमस्ता अस्पताल पुर्‍याइएको थियो । दुबै खुट्टा तथा ढाडको करङ्ग भाचेको उनको उपचारकै क्रममा मृत्यु भएको सो अस्पतालले जनाएको छ ।

# स्वतन्त्र सांसद साह एमालेमा प्रवेश

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ पुस ।**

रौतहट २ बाट प्रतिनिधिसभामा निर्वाचित स्वतन्त्र सांसद किरणकुमार साह नेकपा (एमाले)मा प्रवेश गरेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले सोमबार सांसद साहलाई पार्टी प्रवेश गराएका हुन् । सो अवसरमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललगायतको सहभागिता रहेको थियो ।

अब एमालेको प्रतिनिधिसभामा सिट संख्या ७९ पुगेको छ । उनी रौटहट २ बाट ३२ हजार आठ सय ४२ मत प्राप्त गरी निर्वाचित भएका थिए ।

# मधेस प्रदेशसभा सभामुखको निर्वाचन माघ २ मा

महेन्द्रनगर (धनुषा), १९ पुस (रासस) ।

मधेस प्रदेशसभा सभामुखको निर्वाचन आगामी माघ २ गतेका लागि तोकिएको छ । नवनिर्वाचित प्रदेशसभाको सोमबारको पहिलो बैठकमा सभाअध्यक्ष गोविन्दबहादुर न्यौपानेले आगामी माघ २ गते सभामुखका लागि निर्वाचन हुने जानकारी दिनुभयो । उहाँले पुस २९ गते सभामुखको निर्वाचन कार्यक्रमसम्बन्धी सूचना प्रकाशन गर्न प्रदेशसभा सचिव रञ्जितकुमार यादवलाई निर्देशन दिनुभयो ।

बैठकले प्रदेशसभा कार्यसञ्चालन नियमावली २०७५ अनुमोदन गर्नुका साथै नियमावलीको नियम ११ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितिमा अध्यक्षता गर्ने सदस्यको मनोनयन गरेको प्रदेशसभा सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो । मनोनित सदस्यहरूमा सांसदहरू रेखा ठाकुर, बच्चा राउत अहिर, चन्दनकुमार सिंह, जितेन्द्रप्रसाद सोनार, फकिरा महतो र रत्नेश्वर गोइत रहनुभएको छ ।

सभालाई प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउत, पूर्वसभामुख सरोजकुमार यादव र अधिवेशन प्रारम्भ भएको अवसरमा विभिन्न दलका १४ जना प्रदेशसभा सदस्यले मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यस अवसरमा मुख्यमन्त्री लालबाबु राउतले संविधानको कार्यान्वयन र सङ्घीयताको संस्थागत विकासका लागि सत्तापक्ष र प्रतिपक्ष नभनी सबै एकजुट हुनुपर्ने बताउनुभयो । उहाँले सङ्घीयतालाई बोझको रूपमा चित्रित गर्दै यसलाई बोक्न सकिन्न भन्नेहरूका विरुद्ध मधेस प्रदेशका सबै दलले एकताबद्ध भएर जवाफ दिनुपर्ने धारणा राख्नुभयो ।

पूर्वसभामुख यादवले अघिल्लो प्रदेशसभाको अन्तिम अधिवेशन हतारमा अन्त्य गरेकाले आफूले धन्यवादसम्म भन्न नपाएको गुनासो गर्दै आगामी दिनमा दलहरूको सहमतिमा मात्रै अधिवेशनको आह्वान र अन्त्य हुनुपर्ने बताउनुभयो । उहाँले अघिल्लो सरकारले जनताको पक्षमा गर्न नसकेका काम आगामी सरकारले पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

सभामा मन्तव्य राख्नुहुने अधिकांश सांसदहरूले सङ्घीयता, लोकतन्त्र र संविधानको रक्षा गर्दै मधेश प्रदेशका आवश्यकता पूर्ति र विद्यमान समस्याको समाधान गर्न पार्टीभन्दा माथि उठेर सहकार्य गर्नुपर्ने धारणा राख्नुभएको थियो । सभामा प्रदेशसभा सदस्य राजकुमार लेखी, कृष्णप्रसाद यादव, राजकुमार गुप्ता, वसन्तप्रसाद कुशवाह, जितेन्द्रप्रसाद सोनार, युवराज भट्टराई, बेची लुङ्केली, कञ्चन बिच्छा, बिमला अन्सारी तरन्नुम, उर्मिलादेवी सिंह, अनिरुद्धकुमार सिंह, केशव राय, प्रमोदकुमार जयसवाल, र सुनिताकुमारी साहले सम्बोधन गर्नुभएको थियो । प्रदेशसभाको अर्को बैठक आगामी माघ २ गते बस्ने छ ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# सन् २०२२ को विश्व राजनीतिलाई फर्केर हेर्दा

एकराज पाठक

काठमाडौं, १९ पुस (रासस)।

विश्व राजनीतिका विभिन्न आयामहरु कोर्दै सन् २०२२ ले बिदा लिएको छ। यस वर्ष विश्वका विभिन्न देशमा नयाँ राजनीतिक घटनाक्रम निर्माण भए र कतै भत्किए। विश्वको पुरानो प्रजातान्त्रिक मुलुक बेलायतमा दुई महिनामै तीन प्रधानमन्त्री नियुक्त हुनेदेखि पश्चिमा देशहरुको आग्रह र दवावका बाबजुत पनि रुसले युक्रेनमाथि आक्रमण गर्नेसम्मका राजनीतिक घटनाक्रहरुको पदचाप यस वर्षले छोडेको छ।

उता अमेरिकी संसद्की सभामुखको अनायासै तय भएको ताइवान भ्रमणको कारण चीनले गरेको विरोधले तरङ्ग पनि विश्व राजनीतिकसँगै ठोक्किन पुग्यो। सन् २०२२ मा भएका यस्तै केही राजनीतिक घटनाक्रम र परिवर्तनलाई यहाँ प्रस्तुत गरिएको छ।

**युक्रेनमाथि रुसको आक्रमण**

सन् २०२१ को मध्यतिरबाटै रुसी राष्ट्रपति पुटिनले युक्रेनमाथि सैन्य हमला गर्न लागेको सूचना अमेरिकी गुप्तचर निकायले दिएको हो। अमेरिकी राष्ट्रपति तथा अन्य पश्चिमा नेताहरुले सो सूचना पछ्याए पनि। उनीहरुले रुसले युक्रेनमा आक्रमण गर्न लागेको बताएका थिए। पश्चिमा सञ्चारमाध्यमले यो समाचार प्रकाशमा ल्याए तर रुसी राष्ट्रपति पुटिनले यसको खण्डन गर्नुभयो। उहाँले रुसले युक्रेनमाथि आक्रमण गर्न लागेको समाचार सत्य नभएको बताउनुभयो।

त्यसको केही समयपछि नै उहाँले युक्रेनी सीमा क्षेत्रमा ठूलो मात्रामा सेना तैनाथ गर्न आदेश दिनुभएको समाचार एकाएक आयो। रुसले लामो समयदेखि नेटोतर्फ युक्रेनले बढाएको कदमको विरोध गर्दै आएको थियो। करिब चार करोड ४० लाख जनसङ्ख्या रहेको युरोपेली लोकतान्त्रिक मुलुक युक्रेनमाथि जल, थल र आकास गरी तीनतिरबाटै ध्वंशात्मक आक्रमण सुरु गऱ्यो।

रुसले तर फेब्रुअरीको अन्त्यतिर रुसले युक्रेनको उत्तर, पूर्व र दक्षिणी सीमापारि सेना पठाउन थालेको थियो। त्यसपछि यसअघिका युक्रेनसँगका सबैखाले शान्ति सम्झौता भङ्ग भएको घोषणा गर्दै आक्रमण पनि सुरु गरे।

रुसी सेनाले सुरुमा किभस्थित बोरिस्पेल अन्तर्राष्ट्रिय विमानस्थलसहित युक्रेनका सहरनजिकै अवस्थित विमानस्थल र सैन्य मुख्यालयमा आक्रमण थालेका थिए। त्यसपछि रुसका सैन्य ट्याङ्कसहितका सैनिकहरू पूर्वोत्तर युक्रेनभरि नै प्रवेश गरे। उनीहरू पूर्वी युक्रेनको करिब १४ लाख जनसङ्ख्या रहेको खार्किभ सहरलाई तारो बनाए र त्यसका लागि उनीहरु छिमेकी बेलारुसको बाटो प्रयोग गरे। दक्षिणतर्फ भने क्राइमियाबाट गए। रुसले युक्रेनमा निकै नै घातक आक्रमण गऱ्यो र यसको क्षति कति हो भन्ने विवरण युक्रेनसँग अहिले पनि पनि छैन। किनभने अहिले पनि त्यहाँ रुसी सेना छ, आक्रमण गरी नै रहेको छ। युक्रेनको राजधानी किभ र खार्किभ क्षेत्र ध्वस्त छ। यहाँको आर्थिक अवस्थाको कुनै लेखाजोखा छैन। वार्ताका माध्यमबाट दुई देशबीचको युद्ध रोक्ने प्रयासहरु जारी नै छन् तर ती सार्थक हुन सकेका छैनन्।

**अमेरिकी सभामुखको ताइवान भ्रमण**

अगस्तको पहिलो हप्ता अमेरिकी संसद्की सभामुख न्यान्सी पेलोसी ताइवानको भ्रमणमा जानुभयो। चीनका कारण यो भ्रमण निकै विवादास्पद भयो। यस भ्रमणले चीन अमेरिकाबीच कूटनीतिक दरार उत्पन्न गऱ्यो भने यसका कारण विश्व राजनीतिमा नै तरङ्ग उत्पन्न भयो। भ्रमणको प्रतिक्रियास्वरूप ताइवानको आसपास सैन्य अप्रेसन सुरु गरेको चीनले आफ्नो कदमको समर्थन जुटाउन विश्वव्यापी कूटनीतिक पहल थाल्यो।

विश्वका विभिन्न देशमा रहेका चिनियाँ राजदूतले अमेरिकी सभामुखको भ्रमणको विरोध गर्दै एक चीन नीतिका लागि समर्थन आह्वान गरे। चीनले ताइवानलाई अभिन्न अङ्ग मान्दै आएकाले चीनको सहमतिविना ताइवानको भ्रमणमा गएको भनेर चीनले विरोध गरेको हो।

सो भ्रमणलगत्तै चीनले भनेको थियो 'संसारमा एउटा मात्र चीन छ, ताइवान चीनको भूभागको अविभाज्य अङ्ग हो। चीनलाई सन् १९७१ को संयुक्त राष्ट्रसङ्घको महासभाको प्रस्ताव २७५८ ले स्पष्ट रूपमा मान्यता दिएको छ। एक चीन सिद्धान्त अन्तर्राष्ट्रिय समुदायको विश्वव्यापी सहमति र अन्तर्राष्ट्रिय सम्बन्धको आधारभूत मान्यता हो।' अमेरिका चीनबीचको यो विवादले पनि विश्व राजनीतिमा प्रवेश पाएको थियो।

**इरानमा उग्र प्रदर्शन**

उता इरानमा यस वर्ष सरकारका विरुद्धमा दशकयताकै ठूलो विरोध प्रदर्शन भयो। प्रहरी हिरासतमा एक युवतीको मृत्यु भएपछि सुरु भएको विरोध प्रदर्शनले यहाँ केही दिनमै उग्ररूप लियो। प्रदर्शनका सहभागीहरूले ठाउँठाउँमा आगजनी गर्नाका साथै सडक अवरुद्ध गरेपछि प्रहरीसँग झडप भएको थियो। प्रदर्शनकै क्रममा कम्तीमा २० बालबालिकासहित दुई सयभन्दा बढीको ज्यान गएको थियो।

सेप्टेम्बरको मध्यतिर कुर्द सहर साकेजमा प्रहरी हिरासतमा लिइएकी २२ वर्षीया महसा अमिनीको प्रहरी हिरासतमा हत्यापछि अन्त्येष्टि भएको दिनदेखि प्रदर्शन सुरु भएको हो। उक्त विरोध प्रदर्शन इरानका धर्मगुरूहरूले पनि ठूलो चुनौती भनेका थिए। प्रदर्शनकारीहरूले सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको सत्ताच्युतकै माग गरे।

इरान सरकारले प्रदर्शनमा प्रहरीले गोली नहानेको बताए पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले प्रहरी दमनका कैयौं दृश्य सार्वजनिक गरेका थिए। इरानले भने सो विरोध प्रदर्शनमा इरानका शत्रुहरुको हात रहेको बतायो।

यहाँ महिलामाथि सरकारको दमन, प्रहरीले महिलालाई गर्ने व्यवहारको विषयलाई प्रदर्शनकारीले उठाए। उनीहरुले नारी सम्मान र महिला अधिकारका विषयमा इरान सरकारले विश्वका अभ्यासहरुबाट सिक्नुपर्ने वहस देशव्यापी बनाए। युवती तथा बालबालिका नै प्रहरी ज्यादतीका विरुद्धमा सडकमा आएकाले सरकारलाई यो प्रदर्शन रोक्न निकै सकस भएको सञ्चारमाध्यमहरुको दाबी थियो।

**बेलायतमा दुई महिनामा तीन प्रधानमन्त्री**

विश्वको पुरानो प्रजातान्त्रिक देश भनिने बेलायतले यहाँको राजनीतिक इतिहासमा केही दशकयताको एक अस्थिर समय यसै वर्ष सामना गऱ्यो। विवादमा परेका बेलायती प्रधानमन्त्री बोरिस जोनसनले राजीनामा दिनुपरेपछि अर्को प्रधानमन्त्रीको खोजी सुरु भयो नै। कन्जर्भेटिभ पार्टीको संसदीय दलको नेता जितेपछि लिज ट्रसले नयाँ सरकार निर्माणको अनुमति महारानी एजिलावेथबाट पाउनुभयो। तर उहाँले पनि ४५ दिनमा नै राजीनामा दिनुपर्ने अवस्था आयो। त्यसपछि आउनुभयो सो पार्टीका अर्का नेता ऋषि सुनक।

प्रधानमन्त्री बोरिस जोनसनबारे सन् २०२१ को नोभेम्बरमा पार्टीगेट काण्डको रिपोर्ट सार्वजनिक भयो। उक्त रिपोर्टमा कोभिड- १९ को सङ्क्रमणबीच पूरै लन्डनमा लकडाउन हुँदा प्रधानमन्त्रीको कार्यालयमा भने पार्टीको आयोजना गरेको तथ्य देखाइएको थियो। लन्डनवासीहरूलाई घरबाट बाहिर निस्किनसमेत नदिइरहेको बेला प्रधानमन्त्रीको कार्यालयमा भने पार्टी गरिरहेको समाचार सार्वजनिक भयो र यसपछि यहाँका सामाजिक सञ्जालमा प्रधानमन्त्रीको विरोध व्यापक भयो। यो विरोधको सुरुआत थियो र त्यसपछि पनि पटकपटक प्रधानमन्त्री जोनसनका विभिन्न काण्ड सार्वजनिक भए। विवादास्पद बन्दै गएपछि उहाँ राजीनामा दिन बाध्य हुनुपऱ्यो।

यसबीच जोनसनपछि प्रधानमन्त्री को हुने भन्ने छलफल पार्टीभित्र सुरु भयो। गएको सेप्टेम्बर महिना त बेलायतको एक कठिन समय थियो। भर्खरै महारानी एलिजावेथ द्वितीयको देहान्त भएको थियो भने उता सरकारले स्थायित्व पाउन सकेको थिएन।

रुस युक्रेन युद्धले मुद्रास्फीति बढेको उता बेलायतले सामना गरेको धेरैजसो आर्थिक सङ्कट सन् २०१६ मा युरोपियन युनियनबाट बेलायत छुट्टिएपछिको हो। ब्रेक्जिटपछि आर्थिक सङ्कटले बेलायतलाई झनै गाँजेको देखिएको छ। त्यसैबेला प्रक्रियाअनुसार एक सय सांसदको समर्थन पाएका सांसदहरूबीच प्रतिस्पर्धा हुने र प्रधानमन्त्री चुनिने भयो। जुलाई २०२२ मा जोनसनको राजीनामापछि दुई नेता लिज ट्रस र ऋषि सुनक प्रधानमन्त्रीको दावेदार हुनुभयो।

अनलाइन भोटिङबाट ५७ प्रतिशत मत प्राप्त गर्दै ट्रस बेलायतको प्रधानमन्त्री बन्नुभयो। उहाँले महारानी एलिजावेथ द्वितीयाबाटै प्रधानमन्त्रीको शपथ लिन पाउनुभयो। त्यसलगत्तै २३ सेप्टेम्बरमा उहाँले नयाँ आर्थिक योजना कर कटौतीको विषय सार्वजनिक गर्नुभयो। बेलायतको अर्थतन्त्रलाई पुनर्जीवित गर्ने उहाँको दावी थियो। उहाँले झन्डै ५० वर्षपछि यस्तो कर कटौतीको नयाँ योजना ल्याउनुभयो। धनीहरूका लागि कर कटौती कम गर्ने र पछि पैसा बिस्तारै तल्लो वर्गसम्म पुऱ्याउने उहाँको यो योजना सफल मानिएन। यसको निकै आलोचना भयो। उक्त नीतिको घोषणासँगै ब्रिटिस पाउन्डको मूल्य तल झर्दै अहिलेसम्मकै सबैभन्दा तल्लो विन्दुमा पुग्यो। ब्याजको दर बढ्यो। उहाँको यो नयाँ योजना सफल हुने नदेखिएपछि उहाँ पनि राजीनामाकै लाइनमा उभिन बाध्य हुनुपऱ्यो।

त्यसपछि अक्टोबर २५ मा कन्जरभेटिभ पार्टीका नेता ऋषि सुनक नयाँ प्रधानमन्त्री नियुक्त हुनुभयो। उहाँ भारतीय मूलका पहिलो प्रधानमन्त्री हुनुहुन्छ। सुनक पूर्वी अफ्रिकाबाट बेलायतमा बसाइँ सरेका भारतीय मूलका आमाबाबुका सन्तान हुनुहुन्छ। उहाँ हिन्दू धर्मावलम्बी, अक्सफोर्ड र स्ट्यानफोर्ड विश्वविद्यालयका पूर्वछात्र हुनुहुन्छ।

**महिला शिक्षामा तालिबानको रोक**

अफगानिस्तानको तालिबान सरकारले यहाँका महिलालाई विश्वविद्यालय अध्ययन गर्न नपाउने गरी प्रतिबन्ध लगायो। वर्षको उत्तरार्द्धमा अफगानिस्तानको उच्च शिक्षा मन्त्रालयले महिलालाई विश्वविद्यालय प्रवेशमा रोक लगाइएको सूचना अकस्मात प्रकाशन गऱ्यो। मन्त्रालयले सार्वजनिक तथा निजी विश्वविद्यालयलाई पठाएको पत्रमा महिलालाई विश्वविद्यालयमा पहुँच नदिन निर्देशन दिइएको छ। तालिबान सरकारले विश्वविद्यालयमा महिलालाई प्रवेश नदिन पनि कडाइ गरेको छ।

तालिबान सरकारको यो कदमको संयुक्त राष्ट्रसङ्घ, अमेरिका र बेलायतले विरोध गरेका छन्। तालिबानले भने राष्ट्रिय हित तथा महिलाको सम्मानको संरक्षण गर्ने भन्दै आफ्नो निर्णयको बचाउ गरेको छ। तालिबानले यसअघि नै अधिकांश माध्यमिक विद्यालयमा महिलालाई अध्ययनमा प्रतिबन्ध लगाइसकेको छ।

अफगानिस्तानका विषयमा उता संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा छलफल जारी रहेको थियो। त्यसै समयमा यता तालिबानको यस्तो निर्णय आएको हो। सुरक्षा परिषद्को बैठकमै अमेरिका र बेलायतका राजदूतहरुले तालिबानको उक्त कदमको कडा विरोध गरेका थिए। राष्ट्रसङ्घका प्रवक्ता स्टिफेन डुजारिकले तालिबानले आफ्नो यसअघिको प्रतिबद्धताको उल्लङ्घन गरेको भन्दै उसले यो पछिल्लो निर्णय सच्याउनुपर्ने बताउनुभयो।

गत वर्ष तालिबानले सत्ता कब्जामा लिएपछि महिला अधिकारको सम्मान गर्ने बताएका थिए। त्यसलगत्तै तालिबान सरकारले विश्वविद्यालयले महिला र पुरुषका लागि बेग्लाबेग्लै कक्षा सञ्चालन पनि थालेको थियो। त्यहाँका छात्रालाई महिला वा पाको उमेरका शिक्षकले मात्रै पढाउने व्यवस्था गरेका थिए। तर पछिल्लो समयमा तालिबानले आफ्ना कट्टरपन्थी नियमहरु लागू गर्दै गएका छन्। उनीहरुका अतिवादी नियमनमा महिलाहरु पनि परेका छन्।

**श्रीलङ्काको सङ्कटपूर्ण अर्थ राजनीति**

श्रीलङ्काको आर्थिक अवस्था अहिले पनि जर्जर छ। पछिल्ला केही महिना केही सुधार भएको भनिए पनि अवस्था पूरै नसुधिएको विभिन्न

*बाँकी तीन पृष्ठमा*

# कार्यदलले बुझायो मिटरब्याजी समस्या समाधानसम्बन्धी सुझाव समेटिएको प्रतिवेदन

काठमाडौं, १९ पुस (रासस)।

मिटरब्याजी तथा ठगीविरुद्ध आवश्यक कानुनी कार्यविधिगत तथा नेपाल सरकारबाट जारी हुनसक्ने विशेष आदेशसमेतको व्यवस्था सिफारिस गर्न गठित कार्यदलले मंगलबार उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेसमक्ष आफ्नो प्रतिवेदन बुझाएको छ।

मिटरब्याजबाट पीडित भएकाहरुको समस्या समाधान गर्न केही कानुन संशोधन र थप गर्नुपर्ने आवश्यकतासहित सुझाव समेटेर प्रतिवेदन बुझाइएको गृहमन्त्री लामिछानेको सचिवालयले जनाएको छ। यसअघि कार्यदलले आफ्नो प्रतिवेदन बुझाइसकेको थियो।

त्यसपछि गृहमन्त्रालयले कानुनमा केके संशोधन गर्न आवश्यक छ भनेर थप विषय समेटेर प्रतिवेदन बनाउन सोही कार्यदललाई जिम्मा दिएपछि समस्या समाधानका लागि आवश्यक कानुन बनाउनुपर्ने विषय समेटेर उक्त सिफारिससहितको प्रतिवेदन मंगलबार बुझाइएको हो।

प्रतिवेदनमा यसअघि २०७९ भदौ २७ मा मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदलले दिएको प्रतिवेदनको कार्यान्वयनका लागि भएका प्रयास, २०७९ असोज १ गते मिटरब्याजी तथा ठगीविरुद्ध किसान मजदुर सङ्घर्ष समितिसँग भएको सहमतिमा उल्लेखित विषय कार्यान्वयनका लागि आवश्यक कानुन संशोधन, नयाँ कानुन निर्माण तथा कार्यविधिगत सुधारको आवश्यकता औँल्याइएको छ।

कानुन अभावमा मिटरब्याजबाट पीडित भएकाको समस्या समाधान गर्न जटिल रहेकाले अहिले विद्यमान कानुनअन्तर्गत मुलुकी अपराधसंहिता २०७४ मा मिटर ब्याज असुली गरी ठगी गर्न नहुने भन्ने दफा थप गर्न समितिले सुझाव दिएको छ।

त्यस्तै मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ र मुलुकी देवानी कार्यविधिसंहिता, २०७४ मा समेत केही प्रावधान संशोधन गर्न सुझाव दिएको संयोजक डा भीष्मकुमार भुसालले जानकारी दिनुभयो। मिटरब्याज नियन्त्रण र यसको नियमनका लागि लेनदेन व्यवहारलाई नियमित गर्ने कार्यविधि, २०७९को मस्यौदा पनि कार्यदलको प्रतिवेदनमा प्रस्ताव गरिएको छ।

सहसचिव डा भुसाल नेतृत्वको कार्यदलमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका वरिष्ठ प्रहरी उपरीक्षक दिनेश आचार्य, गृहमन्त्रालयका उपसचिव श्रीकृष्ण पौडेल, महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्यामप्रसाद दाहाल, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहट्ठा र सिआइवीका प्रहरी नायब उपरीक्षक रोशन खड्का सदस्य हुनुहुन्थ्यो। गृहमन्त्रालयले गत साउनमा उक्त कार्यदल गठन गरी समस्या समाधानका लागि आवश्यक सुझाव सिफारिस गर्न कार्यादेश दिएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्युत् प्राधिकरण र इन्टरनेट सेवा प्रदायकबीच विवादले सर्वसाधारण मर्कामा

काठमाडौँ, १९ पुस (रासस)।

विद्युत् पोल तथा अप्टिकल फाइबरलगायत विद्युतीय संरचना प्रयोगको विषयलाई लिएर नेपाल विद्युत् प्राधिकरण र दूरसञ्चार सेवा प्रदायक संस्थाहरू बीच देखिएको विवादको असर सर्वसाधारणमा परेको छ।

यी दुई पक्षबीचको किचलोले सर्वसाधारण उपभोक्ता अत्यावश्यकीय इन्टरनेट सेवा पाउनबाट वञ्चित हुने अवस्थामा पुगेका छन्। इन्टरनेट, टेलिफोन र केबल टिभी सेवा प्रदायक संस्थाले प्राधिकरणको विद्युत् पोलमा लाइन तान्छन्। कतिपयले प्राधिकरणकै फाइबर प्रयोग गर्छन्। तर उनीहरूले न त्यसको भाडा तिर्छन् न दुई पक्षबीच भाडा लिने-दिने सम्झौता भएको छ। भाडा सम्झौता नगरे वा सम्झौताअनुसार भाडा नतिरे लाइन काटिदिने भन्दै प्राधिकरण बेला-बेला सेवा प्रदायकलाई भन्छ। तर, उनीहरू इन्टरनेटजस्तो अत्यावश्यकीय सेवा बन्द गरिदिने भन्छन्। यो क्रम पाँच वर्षदेखि चलिरहेको छ।

सोमबार दिउँसो इन्टरनेट सेवा प्रदायक संघ नेपाल (आइस्पान) ले पत्रकार सम्मेलन गर्दै जुनसुकै ठाउँमा जतिसुकै बेला इन्टरनेट सेवा प्रभावित हुने चेतावनी दियो। नेपाल विद्युत् प्राधिकरणले सेवा प्रदायकको 'डाटा सेन्टर' र 'अपरेसनल प्वाइन्ट' मा बिजुली काटिदिन थालेपछि त्यसको विरोधबारे जानकारी दिन सो पत्रकार सम्मेलन गरेको थियो।

काठमाडौँ उपत्यकामा मात्र नभई बाहिर जिल्लामा पनि विभिन्न ठाउँमा प्राधिकरणले विद्युत् लाइन काटिदिएकोले जुनसुकै ठाउँमा जतिसुकै बेला इन्टरनेट सेवा प्रभावित हुने आइस्पानको भनाइ छ। विद्युत् प्राधिकरणको आफ्नै तर्क छ। पोलभाडा सम्झौता बिनै वर्षौंदेखि लाइन तानिरहेका र सम्झौताअनुसार भाडा नतिरेका सेवा प्रदायकलाई पटकपटक पत्र काटेर भाडा सम्झौता गर्न र बक्यौता तिर्न भनिए पनि उनीहरूले अटेर गरेपछि बाध्य भएर बिजुलीको लाइन काट्नु परेको प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय प्रमुख मनोज सिलवाल बताउनुहुन्छ।

"केही सेवा प्रदायक कम्पनीले भाडा तिरिरहेको छन्। तर अधिकांशले भाडा सम्झौता बिनै इन्टरनेट र केबल टिभीका लाइन प्राधिकरणका पोलबाटै तानिरहेका छन्। पटकपटक भाडा सम्झौता गर्न बोलाइएपनि अटेरी गरेपछि प्राधिकरणले उनीहरूको कार्यालयको बिजुलीको लाइन काट्न थालेको छ", सिलवालले भन्नुभयो। एक सातायता प्राधिकरणले धमाधम दूरसञ्चार सेवा प्रदायकको बिजुली लाइन काटिदिए पछि उनीहरू भाडा सम्झौता गर्न आएको पनि उहाँको भनाइ छ। त्यस्तै, प्राधिकरणका कारण इन्टरनेट सेवा प्रभावित हुने अफवाह सेवा प्रदायक कम्पनीले फैलाएको सिलवालको तर्क छ। "हामीले लाइन काट्न थालेपछि केही कम्पनी आएर भाडा सम्झौता गरेका छन्। उनीहरूलाई हामीले एक महिनाभित्र नेटवर्क (पुष्टि) भेरिफिकेसन गरिसक्न भनेका छौँ", उहाँले भन्नुभयो।

विद्युत् प्राधिकरणले पुस ८ गते आइस्पानका अध्यक्ष रहनुभएका सुधिर पराजुलीको कम्पनी सुबिसु केबलनेट लिमिटेडको कार्यालयमा बिजुली काटिदिएको थियो। विद्युत् कटौती पछि सुबिसुले भाडा सम्झौता गरेको र एक महिनाभित्र आफ्नो नेटवर्क भेरिफिकेसन गरी प्राधिकरणले तोकअनुसारको भाडा तिर्छु भनेर सम्झौता गरेको निर्देशनालय प्रमुख सिलवालले बताउनुभयो। "सुरुमा सुबिसुको विद्युत् लाइन काट्यौं। उसले आएर सम्झौता गर्‍यो। अहिले ज-जसले तिरेको पोल भाडा तिरेका छैनन्, उनीहरूको लाइन काटेपछि सम्झौतामा आउन थाले", उहाँले भन्नुभयो। सुबिसुले आफ्नो सेवा सञ्चालन गरेदेखि नै विद्युत् प्राधिकरणसँग पोल भाडा सम्झौता गरेको छैन। सम्झौता बिनै पोल र फाइबरलगायत संरचना प्रयोग गर्ने र भाडा बक्यौता तिर्न बाँकी दूरसञ्चार सेवा प्रदायकको लाइन प्राधिकरणले काटिरहेको सिलवालको भनाइ छ।

**पाँच वर्षदेखिको विवाद**

विद्युत प्राधिकरण र टेलिफोन, इन्टरनेट तथा केबल टिभी सेवा प्रदायक कम्पनीबीच विद्युत पोल र अप्टिकल फाइबरलगायतका विद्युतीय संरचनाको भाडाको विषयलाई लिएर पाँच वर्षदेखि विवाद चलिरहेको छ। अहिले अधिकांश टेलिफोन, इन्टरनेट तथा केबल टिभी सेवा प्रदायकले भाडा सम्झौता बिनै आफ्नो संरचना प्रयोग गरिरहेको विद्युत् प्राधिकरणको दाबी छ।

ईप्री दूरसञ्चार कम्पनीले प्राधिकरणको संरचना प्रयोग गर्दा भाडा तिर्नुपर्ने विषयको विवाद २०७५ असारयता बल्झिन सुरु भएको हो। 'नेपाल विद्युत् प्राधिकरण अप्टिकल फाइबर केबल सेवा सञ्चालन निर्देशिका २०७३' जारीपछि प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक कम्पीसँग पोल र अप्टिकल फाइबरको भाडा उठाउन थाल्यो। सोही निर्देशिकाबमोजिम प्राधिकरणले २०७५ असारमा पोल र विद्युतीय संरचना उपयोग गर्दा लाग्ने भाडादर बढायो। तर सेवा प्रदायकले त्यसको विरोध गरे। दुई पक्षबीच विवाद बढ्दै गएपछि सेवा प्रदायकले प्राधिकरणसँग भाडा सम्झौता गर्न छाडे। उनीहरूले प्राधिकरणको संरचना प्रयोग गरेपनि त्यसको भाडा तिरेनन्। प्राधिकरण आफैले यो विषय सुल्झाउन सकेन।

पोल र अप्टिकल फाइबरको भाडादर महँगो भएको भन्दै दूरसञ्चार सेवा प्रदायकले विरोध जारी राखेपछि २०७६ मङ्सिर १ गतेको प्राधिकरण सञ्चालक समितिले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सहसचिव राधिका अर्यालको संयोजकत्वमा अध्ययन समिति बन्यो। समितिमा सेवा प्रदायक कम्पनीका प्रतिनिधि नरहेको भन्दै उनीहरूले त्यसको विरोध गरे। तर सोही प्रतिवेदनका आधारमा प्राधिकरणले २०७७ भदौमा पोल र अप्टिकल फाइबरको भाडादर घटायो। सेवा प्रदायकले प्राधिकरणको विरोध गर्न छाडेनन्। उनीहरूले विसं २०७५ असारदेखि २०७७ भदौसम्म बढाइएको भाडादर आफूहरूलाई मान्य नहुने भन्दै विरोध गरिरहे। यही विवादका कारण एकातर्फ पुरानो बक्यौता बढ्दै गयो। अर्कोतर्फ दुई पक्षबीच नयाँ भाडा सम्झौता हुन सकेन।

भाडा सम्झौता बिनै पोल र अप्टिकल फाइबर प्रयोग गरेको तथा बक्यौता भाडा नबुझाएको गएको साउनपछि विद्युत् प्राधिकरणले धमाधम सेवा प्रदायकका लाइन काट्यो। इन्टरनेट र सूचना प्रविधिजस्तो अत्यावस्यक सेवामा प्राधिकरणबाटै अवरोध भएको भन्दै विरोधपछि अर्को अध्ययन समिति बनाएर विवाद टुङ्ग्याउने प्रयास गरियो। भाडादरबारे विवाद मिलाउनऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा २०७८ असोज १७ गते एक सुझाव कार्यदल गठन भयो। सञ्चार मन्त्रालयका तत्कालिन सहसचिव विनोदप्रकाश सिंहको संयोजकत्वमा गठित कार्यदलले २०७५ असारदेखि २०७७ भदौसम्मको भाडादर बढी देखिएकाले त्यसको समायोजन गरिनुपर्ने सुझाव सहितको प्रतिवेदन बुझायो।

"२०७५ साउनदेखि २०७७ असारसम्मको दुई वर्षे अवधिको भाडादर फरक र स्वभाविक भन्दा बढी देखिएकाले समायोजनका लागि सिफारिस गरिएको छ", प्रतिवेदनमा भनिएको छ। सो अवधिको भाडादर समायोजन गरेर मात्रै इन्टरनेट, टेलिफोन तथा केबल टेलिभिजन सेवा प्रदायकबाट भाडा बक्यौता असुल उपर गरिनुपर्ने प्रतिवेदनको सुझाव थियो। प्राधिकरणले यो प्रतिवेदन कार्यान्वयन गर्न नमानेको आरोप सेवा प्रदायकले लगाएका छन्।

**कति छ बक्यौता भाडा तिर्न बाँकी ?**

सञ्चालनमा रहेका कुन दूरसञ्चार कम्पनीले विद्युत् प्राधिकरणको कति संरचना प्रयोग गरेका छन् र कति भाडा तिर्न बाँकी छ भन्ने स्पष्ट तथ्याङ्क छैन। सेवा प्रदायकले लाइन पोल र अप्टिकल फाइबरको संख्या कति छ र त्यसको बक्यौता भाडा कति हुन्छ भन्ने स्पष्ट नरहेको प्राधिकरणको ग्राहक सेवा निर्देशनालयका प्रमुख सिलवाल बताउनुहुन्छ। "प्राधिकरणसँग अनुमति लिएर लाइन तानेको भए पो बक्यौता कति भन्ने हुन्थ्यो। अधिकांश कम्पनीले अनुमति नलिएकनै आफूखुसी लाइन तानेका छन्। जसकारण हामीसँग स्पष्ट तथ्याङ्क नै छैन", उहाँले भन्नुभयो।

कति क्षेत्रफलमा इन्टरनेट वा केबल टिभीको लाइन विस्तार भएको हो भन्ने बारे व्यवसायी स्वयंले घोषणा गर्नुपर्ने र विद्युत् प्राधिकरणले त्यसलाई रुजु (जोइन्ट भेरिफिकेसन) गरिसकेपछि मात्रै भाडा कति भन्ने स्पष्ट हुने सिलवालको भनाइ छ।

अघिल्लो साता विद्युत् प्राधिकरणले सुबिसुको लाइन काटिदिएपछि अर्को सरकारी निकाय नेपाल दूरसञ्चार प्राधिकरणले भने त्यसमा आपत्ति जनायो। दूरसञ्चार प्राधिकरणले एक सूचना जारी गर्दै इन्टरनेट जस्तो अत्यावश्यकीय सेवामा सरकारी निकायबाटै अवरोध हुनु दुःखद भएको उल्लेख गरेको थियो।

"दूरसञ्चार ऐन २०५३ अनुसार कसैले यस्तो सेवा प्रवाह अवरुद्ध गरेमा दण्डनीय हुने व्यवस्था छ। यसरी दूरसञ्चार सेवा अवरुद्ध गर्ने कार्यप्रति यस प्राधिकरण गम्भीर दुःख व्यक्त गर्दछ। राज्यको अति आवश्यक दूरसञ्चार सेवा अवरुद्ध गर्ने जोकोहीलाई कानुनी कारबाही गर्न र त्यस्ता पूर्वाधारको सुरक्षा गर्न सम्बन्धित सबैलाई अनुरोध गर्दछौं।" दूरसञ्चार प्राधिकरणले भनेको थियो। विद्युत् प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक कम्पनीको विद्युत् लाइन काटीदिँदा धेरै स्थानमा इन्टरनेट सेवा अवरुद्ध हुन पुगी बैंकिङ, हवाइलगायत अत्यावश्यक सेवा अवरुद्ध हुन पुगेको उसको भनाइ छ।

## सन् २०२२ को...

प्रतिवेदन बताउँछन्। सन् २०२२ मा यसको पूर्ण असर देखियो र देशको आर्थिक समस्याका धेरै पाटाहरु बाहिरै देखिने गरी आए।

यहाँको आर्थिक समस्या सन् २०१९ मा गोटाबाय राजापाक्षेले शक्ति हातमा लिनु अगावै सुरु भएको थियो। सन् १९७७ पछिका सबै सरकारले ऋणको कमजोर जगमा देश निर्माण गर्दै गएका तथ्यहरु सन् २०२२ मा आएर खुले। निर्यातभन्दा आयातको आकार निकै ठूलो हुँदा अर्थतन्त्र दबाबमा पर्दै गयो। प्रगतिशील भनिएका खर्चिलो कल्याणकारी योजनाले घाटा झन् बढ्यो। जसको पूर्ति गर्न उच्च ब्याजमा ऋण लिन थालियो। यही ऋणले वैदेशिक रिजर्भ घट्नेदेखि धेरैतिर असर गर्‍यो।

अन्तर्राष्ट्रिय संस्थाहरूको सुझाव तथा चेतावनी विपरीत सन् २०१९ मा व्यापक कर कटौती योजना लागू गरिएको थियो। यो नयाँ नीतिपछि दुई वर्षमा सरकारको आम्दानी २० खर्बभन्दा धेरैले घट्न पुग्यो। त्यसलगत्तै कोभिड सुरु भयो र यसले पर्यटन र रेमिट्यान्स पनि सुक्न थाल्यो। आयातमा प्रतिबन्ध लगाउने तथा ऋणको सर्त बदल्न अन्तर्राष्ट्रिय मुद्राकोष जाने प्रयास तत्कालै थालिएन जसको कारण मुलुकको अर्थतन्त्र ध्वस्त हुन पुग्यो।

डलरको सञ्चिति सकिएपछि श्रीलङ्काले धेरै थरी समस्या भोग्नुपर्‍यो। इन्धन, खाद्यान्न र औषधिसमेत आयात गर्न नसक्ने अवस्था सन् २०२२ मा पनि देखियो। इन्धन ल्याउन नसक्दा सडकमा सवारीसाधन गुड्न छोडे भने यसबाट अधिकांश विद्यालयसमेत बन्द भए।

सवारी नपाएर बिरामी अस्पताल जान नसक्ने, स्वास्थ्य संस्थाहरूमा औषधी र अत्यावश्यक उपचार सामग्री अभाव हुने, औषधी र उपकरण अभावका कारण शल्यक्रियासमेत रोकिने मात्र नभएर मानिसलाई छाक टार्ने समस्या पर्ने अवस्था आयो। अहिले पनि संयुक्त राष्ट्रसङ्घले श्रीलङ्काले 'भयानक मानवीय सङ्कट' झेलिरहेको छ। आर्थिक समस्याका कारण नै राष्ट्रपतिले देश छोड्नुपर्नेदेखि अनेक राजनीतिक सङ्कटहरु यस देशलाई आइलाग्यो।

## विश्व समाचार

### जेलमा आक्रमण गरी १४ को हत्या

मेक्सिको, १९ पुस (रासस/सिन्ह्वा)।

देशको उत्तरी सिउदाद जाउर्ज सहरमा रहेको कारागारमा अज्ञात बन्दुकधारी समूहले आक्रमण गर्दा दशजना सुरक्षाकमीसहित १४ जनाको ज्यान गएको छ भने अन्य १३ जना घाइते भएका छन्।

चिउनाहु प्रान्तका प्रान्तीय प्रहरी प्रमुखका अनुसार हातहतियार बोकेर ठूलो सङ्ख्यामा आएको बन्दुकधारीको समूह जेलका सुरक्षाकर्मीमाथि अन्धाधुन्ध गोली प्रहार गरेका थिए। आक्रमणमा घाइते भएकाहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। आक्रमणको फाइदा उठाएर २४ जना बन्दी भागेका छन्। भगौडाहरूको खोजी भइरहेको छ।

सुरक्षाकर्मीले पनि जवाफी कारबाही गर्दा दुई जना बन्दुकधारी बताइएको छन्। जेलमा थप सुरक्षाकर्मी परिचालन गरेर स्थितिलाई नियन्त्रणमा लिइएको छ। आफ्नो समूहका व्यक्तिलाई छुटाउन कारागारमा आक्रमण भएको अनुमान गरिएको छ।

### लागुऔषध मुद्दामा ९७ जनालाई अभियोग

सिड्नी, १९ पुस (रासस/सिन्ह्वा)।

अष्ट्रेलियाको सिड्नीमा नयाँ वर्षको दिनको सङ्गीत महोत्सवमा प्रहरीले गरेको कारबाहीपछि ९७ जनालाई लागुऔषध अपराधको अभियोग लगाइएको छ।

सोमबार जारी गरिएको विज्ञप्तिअनुसार, न्यू साउथ वेल्स राज्यको पुलिसले आइतवार आयोजित उत्सव कार्यक्रममा लक्षित अपरेसन शुरु गरेको थियो।

सिड्नीको पूर्वी किनारमा भएको यस कार्यक्रममा २७ हजार भन्दा बढी मानिसहरूलाई आकर्षित भएका समाचारमा जनाइएको छ।

सन्तानब्बे जनाले एमडीएमए, एम्फेटामाइन, गाँजा, कोकिन, एक्स्टेसी, एलएसडी, केटामाइन र साइलोसाइबिन लगायतका अवैध लागूऔषध ओसारपसार गरेको प्रहरीले जनाएको छ। तीमध्ये तीन जना लागुऔषध ओसारपसार मुद्दामा पक्राउ परेका छन्।

एक २१ वर्षीय पुरुषसँग १५ वटा एमडीएमए क्याप्सुल, अर्का एक पुरुषसँग ९ वटा क्याप्सुल र २५ वर्षीया महिलासँग ५ वटा एमडीएमए क्याप्सुल बरामद भएको बताइएको छ।

### काबुलमा चार अपहरणकारी मारिए, व्यापारीको उद्धार : प्रहरी

काबुल, १९ पुस (रासस/सिन्ह्वा)।

अफगान प्रहरीले सोमबार अबेर राति काबुल सहरमा चार अपहरणकारीको हत्या गरेपछि एक व्यापारीको उद्धार गरेको काबुलका प्रहरी प्रवक्ता खालिद जाद्रानले मङ्गलबार बताउनु भएको छ।

अधिकारीका अनुसार अपहरणकारीहरूको समूहले सोमबार अबेर राति काबुल शहरको तैमानी क्षेत्रबाट एक व्यापारीलाई अपहरण गर्ने प्रयास गरिरहेको थियो। तर प्रहरीले चार अपहरणकारीलाई गोली हानेर व्यापारीलाई उद्धार गरेको थियो।

तालिबानद्वारा सञ्चालित कार्यवाहक सरकारले युद्धग्रस्त देशमा अपहरण, लागूऔषध ओसारपसार, सशस्त्र डकैती र आतङ्कवादी जस्ता अपराधी र गैरकानूनी गतिविधिहरूमाथि कारबाही गर्ने वाचा गरेका छन्।

### श्रीलङ्काको अर्थतन्त्रमा क्रमिक सुधार, फस्टाउँदै पर्यटन

कोलम्बो, १९ पुस (रासस/सिन्ह्वा)।

आर्थिक अनुशासन कायम गर्ननसक्दा टाट पल्टिएको श्रीलङ्काको अर्थतन्त्रमा पर्यटन क्षेत्रले उल्लेख्य योगदान गरेको छ। सात लाखभन्दा बढी अन्तर्राष्ट्रिय पर्यटकले टापु राष्ट्रको भ्रमण गरेका छन्।

विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन क्षेत्रमा भएको यो सुधार अघिल्लो महिनाको तुलनामा अधिक भएको पर्यटन विकास प्राधिकरणले बताएको छ। गत महिना ९२ हजार पर्यटकले श्रीलङ्का भ्रमण गरेका थिए भने सन् २०२२ मा छ लाख ७८ हजार तीन सय ९२ जना आमोदप्रमोदका निम्ति आएका थिए।

कोभिड-१९ महामारीसँगै आर्थिक एवम् राजनीतिक सङ्कटले जकडिएको देशको अर्थतन्त्रलाई उजिल्याउन गठित वर्तमान सरकारले आगामी वर्ष १५ लाख र अर्को वर्ष ३० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको प्राधिकरणले जनाएको छ।

# खाद्य व्यवस्थाद्वारा ६३ हजार क्विन्टल धान खरिद

काठमाडौँ, १९ पुस (रासस)।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हालसम्म ६३ हजार तीन सय ६२ क्वीन्टल धान खरिद गरेको छ। यसवर्ष ३० हजार मेट्रिक टन धान खरिदको लक्ष्य राखेको खाद्य व्यवस्था कम्पनीले पुस १७ गतेसम्म ६३ हजार तीन सय क्विन्टल बराबर मात्रै धान खरिद गरेको हो।

खाद्य व्यवस्था कम्पनीले देशका विभिन्न १० कार्यालयबाट धान खरिद गर्दै आएको छ। जसमध्ये हालसम्म बिर्तामोड, विराटनगर, वीरगञ्ज, नेपालगञ्ज, धनगढी र महेन्द्रनगर कार्यालयबाट धान खरिद सुरु भइसकेको कम्पनीका सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले जानकारी दिनुभयो। उहाँकाअनुसार लहान, जनकपुर र भैरहवामा भने अझै खरिद कार्य सुरु भइसकेको छैन।

"खाद्य व्यवस्था कम्पनीका सात कार्यालयबाट आइतबारसम्ममा ६३ हजार तीन सय क्वीन्टल धान खरिद भइसकेको छ। तीनवटा कार्यालयले भने खरिद सुरु गरिसकेका छैन। ती कार्यालयबाट पनि चाँडै सुरु गर्ने तयारीमा छौँ", सुवेदीले भन्नुभयो। यसवर्ष ३० हजार २० मेट्रिकटन धान खरिद गर्ने खाद्य व्यवस्था कम्पनीको योजना छ। त्यसका लागि रु ९९ करोड बजेट छुट्याइएको छ। कम्पनीले पहिलो चरणमा २० हजार नौ सय मेट्रिकटन धान खरिदको योजना बनाएको छ।

गत कात्तिक १६ गतेको मन्त्रिपरिषद् बैठकले यसवर्षका लागि धानको समर्थन मूल्य निर्धारण गरेको थियो। सरकारले मोटा धानको मूल्य प्रतिक्विन्टल रु दुई हजार नौ सय ६७ र मध्यम धानको मूल्य रु तीन हजार एक सय २८ तोकी दिएको छ। गतवर्षको तुलनामा मोटा धानमा प्रतिक्वीन्टल रु दुई सय १५ र मध्यम धानमा रु दुई सय २६ बढाएर समर्थन मूल्य तोकिएको छ।

सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा किसानबाट धान सङ्कलनको जिम्मा खाद्य व्यवस्था कम्पनीको हो। कम्पनीले तोकिएको समर्थन मूल्यमा धान नकिनेको भन्दै किसान र तिनका प्रतिनिधि संस्थाहरू आन्दोलित छन्।

गुणस्तरीय धान खरिदका लागि ढिलो गरी मात्रै खरिद प्रक्रिया सुरु गरेको खाद्य व्यवस्था कम्पनीको भनाइ छ। धान काट्ने वित्तिकै किन्दा त्यसमा चिस्यानको मात्रा बढी हुने भएकाले ढिलो गरी मात्रै धान किन्न लागिएको उसको दावी छ। धान किन्दा १८ प्रतिशत भन्दा कम चिस्यान भएको किन्नुपर्छ। यो सरकारले नै तोकेको मापदण्ड हो। धान काट्ने बित्तिकै किन्दा त्यसको चिस्यान बढी हुने र तौल पनि बढी हुने तर गुणस्तर भने नपुग्ने भएका कारण ढिलो गरी धान किन्न लागिएको कम्पनीको तर्क छ।

सरकारले धानको उत्पादन लागत र ढुवानी बाहेक २० प्रतिशत थप रकममा समर्थन मूल्य तोक्छ। बजार मूल्यभन्दा महँगोमा धान किनेवापत सरकारले खाद्य व्यवस्था कम्पनीलाई शोधभर्ना उपलब्ध गराउनुपर्छ। तर खाद्य व्यवस्था कम्पनीले पछिल्लो चार वर्षको शोधभर्ना पाएको छैन। यस अघिकै रु ३४ करोड ५४ लाख शोधभर्ना लिन बाँकी रहेको र यसवर्षको धान खरिदका लागि थप रु २७ करोड आवश्यक रहेको खाद्य व्यवस्था कम्पनीले जनाएको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गत बिहीबार सार्वजनिक गरेको 'चालु आर्थिक वर्ष २०७९/८० को धान उत्पादनसम्बन्धी विवरण' अनुसार यसवर्ष १४ लाख ४७ हजार सात सय ८९ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकोमा ५४ लाख ८६ हजार चार सय ७२ मेट्रिकटन उत्पादन भएको छ।

# व्यक्तिगत मोबाइल आयातमा देखिएको समस्या समाधान गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १९ पुस (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विदेशबाट नेपाल फर्किदा व्यक्तिगत प्रयोजनका लागि ल्याएको मोबाइलका सम्बन्धमा नागरिकस्तरबाट गुनासो आएपछि त्यसलाई तत्काल सम्बोधन गर्न निर्देशन दिनुभएको छ। प्रधानमन्त्रीले यसअघि पनि त्यस्तै निर्देशन दिनुभएको थियो।

प्रधानमन्त्रीले निर्देशन दिनुभए पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका कर्मचारीले सोमबार अमेरिकाबाट नेपाल आएका नेपालीलाई मोबाइल ल्याउन रोक लगाएको समाचार सार्वजनिक भएको थियो।

प्रधानमन्त्री दाहालले मंगलबार पुनःउपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेललाई त्यससम्बन्धमा आवश्यक व्यवस्था मिलाउन निर्देशन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो।"आफूसँग अतिरिक्त मोबाइल ल्याउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समस्या सिर्जना भएको घटनामा जनस्तरबाट राखिएको चासो र गुनासोका बारेमा प्रधानमन्त्री कार्यालयले अर्थमन्त्रालयलाई तत्काल नै यो विषयमा आवश्यक कार्यबाही अघि बढाउन निर्देशन दिएको छ", प्रेस संयोजक शर्माले भन्नुभयो।

रोजगारीका सिलसिलामा विदेश गएका नेपालीले आफूसँग फर्किंदा दुईवटा मोबाइल ल्याउने कुरालाई सरल र सहज बनाउन आवश्यक नीतिगत तथा कानुनी जटिलता भए त्यसलाई समेत फुकाउन प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ।

# 'सिस्टम'मा खराबी आउँदा राहदानी वितरण अवरुद्ध

काठमाडौँ, १९ पुस (रासस)।

राहदानी विभागको सिस्टममा समस्या आउँदा आवेदनको अवस्था हेर्ने र वितरण गर्ने कार्य अवरुद्ध भएको छ। सिस्टममा खराबी आएसँगै राहदानीसम्बन्धी सेवा वितरण रोकिएको राहदानी विभागले जनाएको छ।

यो समस्या समाधानका लागि निरन्तर कार्य गरिरहेको र सिस्टम पूर्णरुपमा नियमित हुन केही समय लाग्ने विभागका निर्देशक दुरपदा सापकोटाले जानकारी दिनुभयो। अर्को सूचना जारी नहुँदासम्म मंगलबारदेखि राहदानी लिन नआउन विभागले आग्रह गरेको छ।

राहदानी सेवा अवरुद्ध भएपछि विभागले सेवाग्राहीसँग क्षमा मागेको छ। नियमित रुपमा रहदानी आवेदनका लागि 'एपोइन्टमेन्ट' मिति बुक गरेका सेवाग्राहीले तोकिएको मितिमा विभागमा उपस्थित हुन आग्रह गरेको छ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
➢ खुल्ला स्थानमा दिसापिसाब नगरौं।
➢ शौचालयमा मात्र दिसापिसाब गरौं।
➢ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
➢ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
➢ सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*